शुभारम्भ...शिवम्सँग

SHIVAM CEMENT
ASALI OPC CEMENT
SINCE 2003

COM. REG.No. : 137210/072/73
VAT/PAN No. : 302436213

NS QUALITY AWARD-2019
प्रथमद्वारा पुरस्कृत संस्था

मितिः २०८३।०४।२७ गते ।

च.नं. ३३।०८२।०८४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरबार प्लाजा, काठमाडौँ ।

विषयः आ.व. २०८२।०८३ को चौथो त्रैमासिक वित्तिय विवरण प्रतिवेदन बारे ।

महोदय,

उपरोक्त विषयमा यस शिवम् सिमेन्ट्स लिमिटेड (SHIVM) को आ.व. २०८२।०८३ को चौथो त्रैमासिक Unaudited Statement Of Financial Position प्रतिवेदन यसै साथ सम्लग्न राखी पठाइएको व्यहोरा अनुरोध छ । साथै कम्पनीका शेयरवाला एवं सरोकारवालाहरुलाई जानकारी गराउने समेत प्रयोजनका लागी मिति २०८३।०४।२८ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा उक्त प्रतिवेदन प्रकाशन गरिनुका साथै कम्पनीको website: www.shivamcement.com.np मा समेत हेर्न र डाउनलोड गरी प्रिन्ट गर्न समेत मिल्ने गरी राखिएको व्यहोरा ताँहाँको जानकारीका लागी सादर अनुरोध गर्दछौँ ।

सहयोगका लागि धन्यवाद ।

भवदीय,

SHIVAM CEMENTS LIMITED * NEPAL

(लक्ष्मीनाथ अयाल)
कम्पनी सचिव

SHIVAM CEMENTS LIMITED

Hetauda-16, Makawanpur, Nepal

Corporate Office : Siddhartha Premier Insurance Bhawan, 2nd Floor, Anamnagar, Kathmandu

Tel:- +977-01-5705993/5706804 **Web :** www.shivamcement.com.np, **E-mail:** info@shivamcement.com

Unaudited Statement of Financial Position
As at 16 July 2026 (32 Ashad 2083)

Particulars	Shivam Cements	
	16 July 2026 (Ashad 32 2083)	16th July 2025 (Ashad 32, 2082)
Assets		
Non Current Assets		
Property, Plant & Equipment	3,954,920,446	3,886,592,754
Intangible Assets	393,013	243,013
Rou Assets	9,435,020	13,955,320
Investment in Quoted Shares	119,280,000	131,208,000
Investment in Subsidiaries	5,145,208,800	4,755,208,800
Other Non-Current Assets	60,481,623	37,123,251
Total Non Current Assets	**9,289,718,902**	**8,824,331,138**
Current Assets		
Inventories	2,209,913,269	1,735,574,582
Financial Assets		
Trade Receivables	664,318,403	804,771,739
Cash & Cash Equivalent	750,188,792	651,816,544
Bank Balance (Other than Cash & Cash Equivalent)	-	400,000,000
Others Finahcial Assets	9,430,472	9,546,722
Other Current Assets	148,584,713	154,076,130
Income Tax Assets (Net)	-	11,279,541
Total Current Assets	**3,782,435,648**	**3,767,065,259**
Total Assets	**13,072,154,550**	**12,591,396,397**
Equity & Liabilities		
Equity		
Equity Share Capital	5,593,228,713	5,456,808,500
Other Equity	4,964,337,169	4,830,765,581
Total Equity	**10,557,565,882**	**10,287,574,081**
Non Current Liabilities		
Financial Liabilities		
Long Term Borrowings	-	1,496,000
Other Financial Liabilities	3,194,937	14,470,400
Deferred Tax Liabilities	203,204,909	193,313,993
Total Non Current Liabilities	**206,399,846**	**209,280,393**
Current Liabilities		
Financial Liabilities		
Trade Payables	1,607,459,549	1,522,050,624
Short Term Borrowings	5,502,368	8,671,113
Other Financial Liabilities	123,930,427	116,768,707
Other Current Liabilities	549,844,035	432,576,366
Provisions	16,015,334	14,475,111
Income Tax Liabilities (Net)	5,437,111	-
Total Current Liabilities	**2,308,188,823**	**2,094,541,922**
Total Liabilities	**2,514,588,669**	**2,303,822,316**
Total Equity and Liabilities	**13,072,154,550**	**12,591,396,397**

Unaudited Statement of Profit & Loss
For the Period 17 July 2025 - 16 July 2026

Particulars	Shivam Cements	
	Upto 4 Qtr 2082-83	Upto 4 Qtr 2081-82
Income:		
Revenue From Operations	6,922,657,420	7,766,576,397
Cost of Sales	5,325,146,289	6,039,832,095
Gross Profit	**1,597,511,131**	**1,726,744,301**
Other Income	133,213,666	137,456,821
Expenses:		
Administration Expenses	266,089,530	267,109,703
Selling and Distribution Expenses	531,115,502	655,354,472
Finance Cost	10,960,546	9,176,703
Total Expenses	**808,165,578**	**931,640,878**
Profit/(Loss) Before Tax	**922,559,219**	**932,560,245**
Current Tax	105,962,778	98,944,247
Deferred Tax	32,122,290	35,429,147
Net Profit/(Loss) For The Year	**784,474,151**	**798,186,851**

Unaudited Statement of Comprehensive Income
For the Period 17 July 2025 - 16 July 2026

Particulars	Shivam Cements	
	Upto 4 Qtr 2082-83	Upto 4 Qtr 2081-82
Net Profit/(Loss) For The Year	784,474,151	798,186,851
Other Comprehensive Income		
Gain/(Loss) on Investment in equity instruments measured at fair value	(11,928,000)	11,928,000
Tax Relating to Components of Other Comprehensive Income	(2,982,000)	(572,544)
Total Other Comprehensive Income (OCI)	**(8,946,000)**	**12,500,544**
Total Comprehensive Income (TCI)	**775,528,151**	**810,687,395**

SHIVAM CEMENTS LIMITED NEPAL

Notes: 1) Figures presented above may vary with the audited figures if instructed by regulators and/or statutory auditors.

2) Figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation of financial statement.

3) Depreciation has been classified & identified as according to the functional classification and charged to Cost of Sales & Administrative Expenses in both Periods.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४

(नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०८२।०८३ को चौथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:

(क) चौथो त्रैमास सम्मको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण:

यस अवधीको सम्बद्ध संस्थाहरुसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

क्र.सं.	सम्बद्ध संस्थाहरुको नाम	कारोवार रकम (मू.अ. कर बाहेक)	
		खरिद	बिक्रि
१	मोर्डन ईन्फ्रास्ट्रक्चर प्रा.लि.	४८४,१०२,७०३।५०	
२	अरविन्द इम्पोरियम प्रा.लि.	३५२,९१४,३७१।९५	
३	कन्स्ट्रक्शन सोल्युशन प्रा.लि.	४,५२९,४८६।३३	
४	प्रिमियर वायर प्रा.लि.	५,९२९,८३३।२६	
५	पशुपति मिन्याक इण्डष्ट्रिज प्रा.लि.	७९,४५३,३९६।२७	
६	टेक्नोजेया ज्वयलर्स प्रा.लि.	३,८८७,५३७।००	
७	इन्फ्रटेक प्रा.लि.	४४५,१४०।०५	
८	लक्ष्मी लाईम प्रोडक्स		५,३७४,९२८।००
९	लक्ष्मी टेक्नोप्लास्ट् प्रा.लि.	९२,४१९।६०	
१०	दन्तकाली क्वेरिज प्रा.लि.	३४,६४०,१४९।५७	
११	लिटमस इन्डष्ट्रिज प्रा.लि.	१,४६७,६८६।१४	
१२	लक्की नेपाल कम्पनी प्रा.लि.	२,३३९,२९९।८३	
१३	शिवम् होल्डिङ्स लि.	२,५६१,०१०।७१	२,२८०,०००।००
१४	होदुसी शिवम् सिमेन्ट प्रा. लि	८५०,७२०,७८४।००	

(ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (वार्षिक रू.)	प्रतिशेयर नेटवर्थ रु.	प्रतिशेयर कूल सम्पतिको मूल्य रु.	तरलता अनुपात
१४।०३	१८८।७६	२३३।७१	१।६४

२. व्यवस्थापकीय विश्लेषण :

क) यस अवधिमा संस्थाको तरलता लगायतका अन्य कुराहरु सन्तोषजनक रहेका छन् ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:

संस्थाको उद्देश्य अनुसार उत्पादन र बिक्री वितरण गरी उपभोक्ताहरुलाई उच्च गुणस्तरको सिमेन्ट आपूर्ति गरी मुनाफा आर्जन गर्ने सम्बन्धि कार्यहरु गर्नुका साथै समयानुकुल व्यवसायिक कार्ययोजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको भौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:

विकास निर्माणका काममा लामो समय देखि सिथिलता आएको, नेपालमा मागको तुलनामा सिमेन्टको उत्पादन अत्याधिक रहेको परिवेशलाई समेत ध्यानमा राखी बजार प्रर्वद्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गर्दै ग्राहक संरक्षण नीतिलाई कायमै राखी औडा दिनमा असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक सर्तकता अपनाई उद्देश्य बमोजिमका कामहरु संचालन गर्दै उच्च गुणस्तरीय शिवम् ब्राण्डका ४३ ग्रेड र ५३ ग्रेडका सिमेन्ट उत्पादन गरी ग्राहकहरुको सेवामा अघि बढ्ने नीति लिइएको छ । संस्थाको भौन्दात, नगद प्रवाह लगायतका कुराहरुमा तात्विक असर पर्न सक्ने घटना अवस्था छैन । विकास निर्माणका कार्यमा बढ्दोत्तरी भई औद्योगिक उत्पादन अभिवृद्धि र मुनाफा आर्जनमा सकारात्मक प्रभाव पर्नेछ भन्ने विश्वास लिएका छौं ।

३. कानूनी कारवाही सम्बन्धि विवरण: (यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको जानकारी):-

(क) नेपाल विद्युत प्राधिकरणले लोडसेडिङका बखत बिना लोडसेडिङ डेडिकेटेड/ट्रक लाईनबाट विद्युत सेवा नदिएको, नलिएको भएता पनि पत्राचार गरी डेडिकेटेड दरको थप महसुल छुट रकम भनी माग गरे को सम्बन्धी विवादका विषयमा सम्मानित सर्वोच्च अदालतमा दर्ता गरेका रिट निवेदनहरु विचाराधीन रहेका छन् । नेपाल विद्युत प्राधिकरणमा प्रशासकीय पुनरावलोकनको निवेदन विचाराधिन रहेका छ ।

(ख) आफ्नो व्यवसायसंग सम्बन्धित कारोवार, खर्च लगायतका विषयमा भए गरेका केही शिथिकमा श्री ढुला कदाता कार्यालयबाट जारी भएका संशोधित कर निर्धारण आदेशका विरुद्ध कम्पनीले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशकज्यू समक्ष तथा श्री राजस्व न्यायाधिकरण काठमाडौं समक्ष पुनरावेदन गरेकोमा सो विषयहरु विचाराधिन रहेका छन ।

(ग) कम्पनीले सिमेन्ट बिक्री गर्न नियुक्त गरेका वितरक र सिमेन्ट खरिदकर्ता संस्थाहरुले समयमा रकम भुक्तानी नगरेको विषयमा त्यस्ता केहि संस्था एवम् व्यक्ति समेतका विरुद्ध रकम असुलीका लागि श्री काठमाडौं जिल्ला अदालतमा फिराद दायर गरेकोमा केही मुद्धाहरु विचाराधिन रहेका छन् । एक वटा पार्टीले बढि रकम भुक्तानी गरेकोले फिर्ता पाउन माग गरी फिराद दर्ता गरेको अवस्था छ ।

घ) वागमती प्रदेश सरकारको आर्थिक ऐन २०७७ र ०७८ बाट सिमेन्टको बिक्रिमा ०.२५ प्रतिशत बिक्रि कर सरह प्राकृतिक स्रोत कर लगाउने व्यवस्था संविधान र संघिय कानून संग बाभिन्नको हुँदा ऐनका उक्त व्यवस्था बदर गर्न माग गरी सर्वोच्च अदालत समक्ष रिट निवेदन दायर भएकोमा विचाराधिन रहेका छन् ।

ङ) वन तथा भु-संरक्षण विभागले चुनढुङ्गाको उत्पादन गर्दा खानी तथा भूगर्भ विभागमा दाखिला गरेको रोयल्टि रकमको २५% प्रतिशत बराबर हुने रकम वातावरण शुल्क तापत भुक्तानी गर्नु भनी पत्राचार गरे कोमा उक्त पत्राचार खनिज पदार्थ ऐन नियम र वन ऐन, २०७६ समेतको विपरित माग गरेकोमा कम्पनीले सर्वोच्च आदालतको संवैधानिक इजलास समक्ष उक्त पत्र समेत बदर गर्न माग गरी रिट निवेदन गरे कोमा अन्तरिम आदेश जारी भई उक्त मुद्दा विचाराधिन रहेको छ ।

च) केहि संस्थाहरुले विज्ञापन कर लगाउन र संकलन गर्ने स्थानीय तहको अधिकार ठेक्का सम्झौताबाट प्राप्त भएको भनि पत्राचार गरी नगरेको विज्ञापन समेतको माग गरेकामा पत्रहरु बदर गरी पाउन श्री सर्वोच्च अदालत समक्ष २ थान रीट निवेदन दर्ता गराएकोमा हाल चलिरहेको छ ।

छ) कम्पनीका कुनै पनि संचालकका विरुद्ध आर्थिक अपराध गरेको विषयमा कुनै मुद्धा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवार खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेकोछ ।

(ख) यस त्रैमास अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन र शेयर कारोवार संख्या :

अधिकतम मूल्य रु.	न्यूनतम मूल्य रु.	अन्तिम मूल्य रु.	कारोवार दिन	कारोवार शेयर संख्या
७१८।०	६१२।००	६२१।००	६४	९,०६८,११६ थान

५. समस्या तथा चुनौती:

विकास निर्माण क्षेत्रका कार्यहरुमा सिथिलता रहि रहेको, मागको तुलनामा सिमेन्टको उत्पादन गर्ने उद्योगहरुको क्षमता अत्याधिक रहेको, अमेरिका-इरान-इजराईलको तनावका कारण डिलेज लगायतका पेट्रोलियम पदार्थको मूल्य अत्याधिक वृद्धिका कारण ढुवानी भाडा समेतको अप्रत्यासित मूल्य वृद्धिका कारण उत्पादन लागतमा अस्वभाविक प्रभाव परेको, निर्माण सामाग्री उत्पादन गर्ने उद्योगहरुलाई सकारात्मक असर गर्ने अवस्थामा तात्विक सुधार नभएको । बजारमा आम ग्राहकहरु माझ यस संस्थाको उत्पादनलाई प्रभावशाली बनाई हालको बजार हिस्सा कायमै राखी थप बजार हिस्सा ओगट्न सोही अनुरुपको नीति, रणनीति अवलम्बन गरि संस्थाले बिक्री पछि उपलब्ध गराउने निःशुल्क प्राविधिक सेवाहरुको विस्तार, मानव संशाधनको दक्षतामा अभिवृद्धि र चुस्त व्यवस्थापन, खर्चमा मितव्ययिता अपनाई कार्य गर्ने नीति लिइएको छ ।

६. संस्थागत सुशासन:

संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारो बारमा आकर्षित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरु पालना गरी संस्था संचालन गरिएको छ ।

७. सत्य तथ्यताका सम्बन्धमा प्रबन्ध निर्देशकको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन । लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

SHIVAM CEMENTS LIMITED
NEPAL